# <u>Design Centre को अवधारणा सम्बन्धी छलफल कार्यक्रम</u>

मिति २०७६।०४।२३ गते विहिवार केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यूको संयोजकत्व एवं निजी क्षेत्रका स्वच्छ व्यवसायी समूह, हस्तकला डिजाईन सेन्टर, नमूना कलेज अफ फेसन टेक्नोलोजी, **Alternative Technology** प्रा.लि.का प्रतिनिधिहरुको सहभागितामा डिजाईन सेन्टरको अवधारणा सम्बन्धी छलफल कार्यक्रम केन्द्रको सभाहल ललितपुरमा आयोजना भयो ।

उक्त कार्यक्रममा केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यूबाट कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्नु हुँदै सो अवसरमा उहाँले केन्द्रको आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्यक्रम तथा बजेटमा **"नेपाली निकासीयोग्य विभिन्न वस्तुहरुलाई अन्तर्राष्ट्रिय माग वमोजिमको डिजाईन अनुसार तयार गरी निकासी गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ सेवा सहित डिजाईन सेवाहरु उपलब्ध गराई निकासी प्रवर्द्धन गर्न स्वच्छ व्यवसायी समूह (FTG) संग सहकार्य गरी डिजाईन सेवा प्रदान गर्ने"** कार्यक्रम उल्लेख भएको जानकारी गराउँनु हुँदै कार्यक्रममा स्वच्छ व्यवसायी समूहसंगको सहकार्य उल्लेख भएतापनि यससंग सम्बन्धित अन्य निकायहरु समेतको सामुहिक प्रयास बाट डिजाईन सेवा प्रवाह गर्ने र सामुहिक दिशा बाट मिलेर जाँदा अझ प्रभावकारी तरिकासंग गर्न सक्छौ भन्नु हुँदै केन्द्रले यसको थालनी चालु आ.ब.बाट गर्ने बताउँनु भएको थियो । सो अवसरमा उहाँले नेपालका निकासीयोग्य वस्तुहरुको अन्तर्राष्ट्रिय माग वमोजिमको डिजाइन अनुसार तयार गरी निकासी गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुको सेवा लिने बताउनु हुँदै यसको लागि यहाँहरुले पनि आ-आफ्नो क्षेत्रबाट केन्द्र एवं नेपाल सरकारलाई सहयोग गर्न आग्रह गर्नु भएको थियो ।

यस अवसरमा श्रीमान् निर्देशकज्यूबाट हामीले वस्तु उत्पादन गर्दछौ त्यो वस्तु के प्रयोजनको लागि प्रयोग हुन्छ, भन्ने ठोस पहिचान गर्न नसक्ने हो भने त्यस्ता वस्तु अन्तराष्ट्रिय वजारमा विक्री गर्न सक्दैनौ भन्नु हुँदै तिब्बतमा नेपाली शान्ति वनस्पति घ्यूको निकासी बन्द हुन गएको उदाहरण समेत प्रस्तुत गर्नु हुँदै हामीले परम्परागत विधिको मात्र अनुसरण गर्नु, **Market Research** को कमी, बजारको माग अनुसार उत्पादन गर्न नसक्नुले अन्तर्राष्ट्रिय बजार गुमाउनु परेको बताउनु हुँदै उद्योगी व्यापारी साथीहरुले त्यस तर्फ विचार पुर्‍याउनु पर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा **Alternative Technology** प्रा.लि.का तर्फबाट श्री पुजा श्रेष्ठले आफ्नो कम्पनीले सफ्टवयरको माध्यमबाट विभिन्न डिजाईनहरुको ग्राफ तयार गर्ने बताउनु हुँदै आफुले **Creation** गरेका विभिन्न वस्तुको मोडल सहितका **onlyhundered.com** का **Sample Design** हरु प्रस्तुत गर्नु भएको थियो । उक्त **Sample Design** हरु बारे सो प्रा.लि.का डा.ज्योति तण्डुकारले **International Flavor** अनुसार कम्प्यूटर सफ्टवेयरबाट विभिन्न डिजाईनहरु **creation** गर्ने र त्यस्ता डिजाईनहरु **Customer Choice** अनुसार **Visualize** गराएर ऊनीहरुको आवश्यकताको मापदण्ड पूर्ति गरी वस्तुको डिजाईन सेवा उपलब्ध गराउदै आएको बताउनु भएको थियो । सो अवसरमा केन्द्रले सञ्चालन गर्ने **Design Centre** मा **Smart TV, Internet** को व्यवस्था भएमा विभिन्न **Colour, Design, Illustration** निशुल्क रुपमा उपलब्ध गराई सहयोग गर्ने विचार व्यक्त गर्नु भएको थियो ।

सो अवसरमा नमूना कलेज अफ फेसन टेक्नोलोजीका **Vice President** श्री जीवेश्वरलाल श्रेष्ठले आफ्नो कलेजबाट नेपाल सरकारले **Design Centre** का लागि **Space** दिएमा मानव श्रोत साधन उपलब्ध गराउन सक्ने धारणा राख्नु भएको थियो । त्यसैगरी नेपाल हस्तकला डिजाईन सेन्टरका अध्यक्ष श्री सुनिल चित्रकारले २०६१ सालमा केन्द्र र हस्तकला महासंघको संयुक्त आयोजनामा स्थापना भएको डिजाईन सेन्टरले **Swiss Design Trainer** बाट विभिन्न तालिमहरु सञ्चालन गर्दै आएको भएतापनि हाल यसमा केन्द्रबाट आर्थिक सहयोग उपलब्ध हुन नसकेको धारणा राख्नु हुँदै यस डिजाईन सेन्टरलाई **SAARC** स्तरीय डिजाईन सेन्टरको रुपमा निर्माण गर्न नेपाल सरकारले उपलब्ध गराएको त्रिपुरेश्वरस्थित जग्गामा निजी क्षेत्रको लगानीमा **DPR** तयार भएको र सबै मिलेर यसैलाई पूर्णता दिनुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा **Alumni of Namuna Collage Fashion Technology** का **President** श्री निशा श्रेष्ठले विभिन्न हस्तकलाका डिजाईहरुको **Sample** प्रस्तुत गर्नु हुँदै हालका युवाहरु अत्यन्तै **Creative Mind** का भएकोले ऊनीहरुको **Creation** लाई सही प्रयोग गर्न सकिएमा देश र युवा दुवैलाई फाईदा पुग्ने विचार व्यक्त गर्नु भएको थियो । त्यसैगरी स्वच्छ व्यवसायी समूहका सल्लाहकार श्री किरण बहादुर खड्कीले विभिन्न देशका आ-आफ्ना **Market Test** हुन्छ र सोलाई **Market Research** गरेर वस्तु उत्पादन गर्न सकिएमा निर्यात बृद्धि गर्न सकिने धारणा व्यक्त गर्नु भएको थियो ।

## कार्यक्रममा प्रस्तुत भएका केही नमूना डिजाईनहरु











Use in producing physical objects

# कार्यक्रमका सहभागीहरु







